# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८)  मुसिकोट,गुल्मी, जेष्ठ ३ गते,२०८१ साल (संख्याः२


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको  कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,दोस्रो संशोधन,२०८१

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(२) बमोजिम मुसिकोट नगरपालिकाको कार्यापालिकालले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,दोस्रो संशोधन,२०८१

**प्रस्तावना**

मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४, (यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको) लाई थप गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,लाई देहाय वमोजिम संशोधन गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि दोस्रो संशोधन २०८१" रहेको छ।

**२. मूल कार्यविधिमा परिच्छेद २ को (ड) को दफा ३ र ४ र (ढ) को दफा ३ मा संशोधन गरिएकोः**

**ड. आफ्नै गाँउ फर्की आँउ कार्यक्रमः**

(३) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सबै निवेदन एकसाथ नगरपालिकाको कृषि शाखामा दर्ता गर्नु पर्ने छ अथवा कृषि शाखामा आएका निवेदनहरु आर्थिक विकास समितिको निर्णय अनुरुप दर्ता हुनेछ।

(४) अन्यत्रबाट मुसिकोट नगरपालिका क्षेत्रभित्र बसाइसराइ गरि आएकार कम्तिमा ६ महिना अघिदेखि व्यवसायीक कृषि वा अन्य उद्यमशील व्यवसायी संचालन गरी

बसेका व्यवसायीलाई प्रति व्यवसायी एकमुष्ट रकम रु. करकट्टि पछि हुन आउने रकम रु. ५,०००।– उपलब्ध गराउने ।

**ढ.पख्नोस् तपाँइको लागि हामी केही गर्दैछौँ कार्यक्रमः**

(३)पख्नोस् तपाँइको लागि हामी केही गर्दैछौँ अभियान कार्यक्रम अन्तर्गत तपशिल बमोजिम व्यबसायीक दर्तावाला कृषि,उद्योग संचालन गरेका व्यवसायीलाई आर्थिक विकास समितिको निर्णयमा,व्यवसायीको उत्पादन दायरा,परिमाण,क्षेत्रफल लगायतमा आधारीत मापदण्ड कायम गरि अर्धवाषिक मुल्याङ्कन गरि देहायबमोजिम रकम अनुदान स्वरुप अर्धवाषिक रुपमा उपलब्ध गराउने ।

तपसिलः

१.दुध उत्पादन हुने गाई वा भैसी ५ वटा वा सो भन्दा बढि संख्यामा विगत ६ महिनादेखि पाल्दै आएको हुनुपर्ने वा

२. मासु उत्पादन गर्न सकिने बोका वा बाख्रा ५० वटा वा सो भन्दा बढि संख्यामा विगत ६ महिना देखी पाल्दै आएको हुनुपर्ने,

३. कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी वा फलफूल खेति गरि उत्पादन गर्दै आएको हुनुपर्ने,

अनुदान रकमः

१. माथि उल्लिखित ठुला स्तरका व्यवसायलाई मापदण्ड बमोजिम मुल्याङ्कन गरि अर्धवाषिक रुपमा प्रति व्यवसायी रकम रु. २४,०००।- उपलब्ध गराउने ।

मुसिकोट राजपत्र

२. माथि उल्लिखित मझौला स्तरका व्यवसायलाई मापदण्ड बमोजिम मुल्याङ्कन गरि अर्धवाषिक रुपमा प्रति व्यवसायी रकम रु. १२,०००।- उपलब्ध गराउने।

३. माथि उल्लिखित साना स्तरका व्यवसायलाई मापदण्ड बमोजिम मुल्याङ्कन गरि अर्धवाषिक रुपमा प्रति व्यवसायी रकम रु. ३,०००।- उपलब्ध गराउने।

४. व्यबसायीक दर्तावाला कृषि,उद्योग संचालन गरेका व्यवसायीलाईआवश्यकता अनुसार आर्थिक विकास समितिको निर्णय बमोजिम साना मेशसनरीहरु पनि उपलब्ध गराउने।

साथै माथि उल्लेखित वाहेकका जस्तै (माछापालन ,कुखुरापालन ,मौरीपालन इत्यादि) कृषि वा पशुपालन सम्बन्धि व्यवसाय गर्दै आइरहेका व्यवसायीहरुको हकमा आर्थिक विकास समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ।

प्रमाणिकरण मिति
२०८१।०२।०१

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र